# कचनकवल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### केचियानी, झापा
### १ नं. प्रदेश, नेपाल

प.स. २०७६/०७७
च.नं. : ६६४

मिति: २०७६/०८/०१

**विषय : डकर्मी तालिममा सहभागी हुन ईच्छुक सम्बन्धित सबैको लागि सूचना ।**

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्रका निर्माणकर्मीहरुलाई भूकम्प प्रतिरोधात्मक भवन/संरचना निर्माणका लागि मिति २०७६/०८/११ देखि २०७६/०८/१७ गते सम्म ७ (सात) दिने भवन संहितामा आधारित भुकम्प प्रतिरोधात्मक भवन, संरचना निर्माण सम्बन्धि डकर्मी तालिम संचालन गरिने भएकोले ईच्छुक डकर्मीहरुलाई देहाय अनुसारको योग्यता सहितको प्रमाण पत्र संलग्न राखि मिति २०७६/०८/०८ गते कार्यालय समय भित्र सम्वन्धित वडा कार्यालयमा आवेदन पेश गर्नु पर्ने साथै मिति २०७६।०८।१० गते समय विहान १०:०० वजेदेखि छनौट प्रकिया शरु हुने जानकारी सहित सम्बन्धित सबैको लागि यो सूचना प्रकासित गरिएको छ ।

संलग्न गर्नुपर्ने कागजातहरु तथा परिधिहरु :

१) नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपि र हाल सालै खिचेको पासपोर्ट साइजको फोटो २ थान,
२) उमेरको हद २० देखि ५० वर्ष सम्म हुनु पर्नेछ,
३) भवन, संरचना निर्माण कार्यमा कम्तिमा २ वर्ष देखि निरन्तर रुपमा कार्यरत रहेको हुनु पर्ने,
४) नेपाली भाषा पढ्न र लेख्न सक्ने हुनु पर्ने,
५) स्थानीयवासीलाई प्राथमिकता दिईनेछ,
६) आवश्यक थप जानकारीका लागि( गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ ।

२०७६।८।१

.................................
तुलराज थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

इमेल: kachankawala@gmail.com, ito.kachankawalmun@gmail.com वेबसाइट: www.kachankawalmun.gov.np
फोन नं. : ९८५२६५५२१०

"मनोरम प्रकृति, धनहर सुपरजोन कचनकवलको सान – सुशासन सहितको दिगो बिकाश हाम्रो साझा अभियान"

Scanned with CamScanner

कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाह्रघरे, झापा
१ नं. प्रदेश, नेपाल

प.स. २०७६/०७७
च.नं. : ६६४

मिति: २०७६/०८/०१

**श्री वडा कार्यालय (सबै)**
**कचनकवल गाउँपालिका, झापा ।**

**विषय: आवेदन फारम संकलन गरी पठाई दिनहुन ।**

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्रका निर्माणकर्मीहरुलाई भूकम्प प्रतिरोधात्मक भवन/संरचना निर्माणका लागि ७ दिने भवन संहितामा आधारित भुकम्प प्रतिरोधि भवन, संरचना निर्माण सम्बन्धि डकर्मी तालिमको यसै साथ संलग्न सूचना तहाँको सूचना पाटीमा टाँस गरी तहाँबाट सम्बन्धित वडाका आवेदकहरुको आवेदन संकलन गरी मिति २०७६/०८/०९ गते भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा पठाई दिनहुन अनुरोध गरिन्छ । साथै छनौट प्रकियाको लागि यसै मिति २०७६।०८।१० गते विहान १०:०० बजे आवेदकहरुलाई यसै कार्यालयको सभाहलमा उपस्थितिका लागि जानकारी गराई दिन हुन अनुरोध गरिन्छ ।

०७६।८।१

............................
तुलराज थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

इमेल: kachankawala@gmail.com, ito.kachankawalmun@gmail.com वेबसाइट: www.kachankawalmun.gov.np
फोन नं.: ९८५२६५५२१०
"मनोरम प्रकृति, धनहर सुपरजोन कचनकवलको शान – सुशासन सहितको दिगो विकास हाम्रो साझा अभियान"

Scanned with CamScanner